## मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे


## पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर


मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन १२ गते मंगलबार ❑ 28 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## नागढुंगा–सिस्नेखोला सुरुङमार्ग उद्घाटन

**रासस**
काठमाडौं, ११ साउन

नागढुङ्गा-सिस्नेखोला सुरुङमार्गको सोमबार औपचारिक रूपमा उद्घाटन गरिएको छ। पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)का अध्यक्ष तानाका अकिहिको तथा नेपालका लागि जापानी राजदूत माएदा तोरुले संयुक्त रूपमा सुरुङमार्ग उद्घाटन गर्नुभयो।




त्यस अवसरमा जाइकाका अध्यक्ष तानाकाले नागढुङ्गा-सिस्नेखोला सुरुङमार्गलाई नेपालको यातायात विकास यात्राको ऐतिहासिक तथा रूपान्तरणकारी उपलब्धि भएको बताउनुभयो। उहाँले यो परियोजना केवल पूर्वाधार निर्माणमा सीमित नरही नेपाल-जापान सहकार्यको नयाँ अध्यायको सुरुआत भएको उल्लेख गर्नुभयो । उहाँले सुरुङ योजना, निर्माण, सञ्चालन तथा मर्मतसम्भारसम्बन्धी क्षमता अभिवृद्धिका लागि नेपाल र जापानबीच नयाँ प्राविधिक सहयोग परियोजना सुरु गरिएको जानकारी दिनुभयो। हालै स्वीकृत उक्त परियोजनाले सुरुङ पूर्वाधार विकासमा दुई देशबीचको सहकार्यलाई थप विस्तार गर्ने विश्वास व्यक्त गर्नुभयो।

यसै वर्ष नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पूरा भएको उल्लेख गर्दै अध्यक्ष तानाकाले विगत सात दशकदेखि पारस्परिक विश्वास, सम्मान र सहकार्यमा आधारित सम्बन्ध अझ सुदृढ बन्दै गएको बताउनुभयो। नागढुङ्गा सुरुङ दुई देशबीचको दीर्घकालीन मित्रता र सहकार्यको जीवन्त प्रतीक भएको उहाँको भनाइ थियो।

नेपालका लागि जापानी राजदूत माएदा तोरुले जापान सरकारको आधिकारिक विकास सहायता (ओडिए) तथा नेपाली प्राविधिक र श्रमिकहरूको अथक परिश्रमबाट सुरुङ निर्माण सम्पन्न भएको बताउनुभयो । उहाँले यस परियोजनाले नेपाल र जापान सरकारबीचको विश्वासपूर्ण तथा दीर्घकालीन साझेदारीलाई थप मजबुत बनाएको उल्लेख गर्नुभयो।राजदूतमाएदालेपरियोजनामा योगदान पुऱ्याउने सम्पूर्ण व्यक्ति तथा संस्थाप्रति आभार व्यक्त गर्दै यसबाट हस्तान्तरण भएको प्राविधिक ज्ञान, सीप तथा उच्च सुरक्षा मापदण्डले नेपालको भावी सुरुङ तथा पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। आगामी वर्षौंसम्म नेपालले आफ्नै दक्षतामा सुरुङ सञ्चालन तथा मर्मतसम्भार गर्न सक्ने क्षमता विकास गर्नु नै सहकार्यको प्रमुख उद्देश्य रहेको उहाँले बताउनुभयो।

त्यस अवसरमा पूर्वाधार विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले नागढुङ्गा नाका दशकौंदेखि काठमाडौं उपत्यकाको पश्चिमी प्रवेशद्वार भए पनि अत्यधिक सवारी चाप र जोखिमपूर्ण सडकखण्डका रूपमा परिचित रहेको उल्लेख गर्नुभयो । सुरुङ सञ्चालनसँगै यात्राको समय उल्लेखनीय रूपमा घट्ने तथा वर्षौंदेखिको ट्राफिक जाम र जोखिमपूर्ण यात्राको समस्या न्यूनीकरण हुने उहाँको भनाइ थियो । उहाँले जापानी र नेपाली इन्जिनियरहरूले भौगोलिक जटिलता तथा प्राविधिक चुनौतीबीच काँधमा काँध मिलाएर काम गरेकाले यो ऐतिहासिक परियोजना सफलतापूर्वक सम्पन्न भएको बताउनुभयो ।नागढुङ्गा-सिस्नेखोला सुरुङमार्गको कुल लम्बाइ दुई हजार ६८८ मिटर रहेको छ । सुरुआती सम्झौताअनुसार आयोजना विसं २०८० वैशाख १३ गतेभित्र सम्पन्न हुनुपर्ने भए पनि ठेकेदार कम्पनीको ढिलाइ, कोभिड-१९ महामारी तथा स्थानीयको अवरोधका कारण निर्माण प्रभावित भएको थियो । विसं २०७६ कात्तिक २८ गते ठेक्का सम्झौता भएको उक्त आयोजनाको निर्माण अवधि पछिल्लोपटक २०८२ कात्तिक ८ गतेसम्म थप गरिएको थियो।

यसअघि सरकारले विसं २०८२ चैत २६ गते राजपत्रमा सूचना प्रकाशित गरी सुरुङमार्ग प्रयोग गर्ने सवारीसाधनका लागि दस्तुर निर्धारण गरेको थियो । राजपत्रअनुसार कार, भ्यान, पिकअप, ट्र्याक्टर, माइक्रोबस तथा अन्य हलुका सवारीसाधनका लागि काठमाडौं प्रवेश गर्दा रु ६५ र काठमाडौंबाट बाहिरिँदा रु ६० दस्तुर तोकिएको छ।

मिनीबस तथा मिनी ट्रकका लागि क्रमशः रु १२५ र रु ८०, बस तथा सिङ्गल रियर एक्सल ट्रकका लागि रु २६० र रु २०० तथा मल्टिएक्सल ट्रक तथा भारी उपकरणका लागि काठमाडौं प्रवेश गर्दा रु ६०० र बाहिरिँदा रु २५० दस्तुर निर्धारण गरिएको छ। नेपालको पहिलो सडक सुरुङका रूपमा सञ्चालनमा आएको नागढुङ्गा-सिस्नेखोला सुरुङमार्गले काठमाडौं-नौबिसे सडकखण्डमा यात्रा समय घटाउनुका साथै सुरक्षित, सहज र दिगो सडक यातायात व्यवस्थापनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

## भूमिगत विद्युत् तार बिछ्याउने काम ८० प्रतिशत सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

पर्यटनको राजधानी पोखरामा विद्युतीय तार भूमिगत गर्ने अभियान अन्तिम चरणमा पुगेको छ।

नेपाल विद्युत् प्राधिकरण अन्तर्गत पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत पोखरामा भूमिगत विद्युत् तार बिछ्याउने काम हालसम्म करिब ८० प्रतिशत सम्पन्न भएको आयोजनाले जनाएको छ । चौथोपटक म्याद थप गरी आगामी डिसेम्बर अर्थात् पुस दोस्रो सातासम्म पोखरामा बाँकी रहेको सम्पूर्ण भूमिगत तार बिछ्याउने काम सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाका प्रमुख इञ्जिनियर आनन्द सुवेदीले बताउनु भयो। पोखराको न्यूरोड तथा सिर्जनाचोकदेखि राष्ट्र बैंकचोकसम्मको क्षेत्रमा करिब ५ दशमलव ५ किलोमिटर भूमिगत तार बिछ्याउने काम मात्रै बाँकी रहेको उहाँले जानकारी दिनुभयो। पोखरामा सडकको दायाँबायाँ तथा सडक वारपार गरी करिब २५ किलोमिटर क्षेत्रमा विद्युतीय तार भूमिगत बनाउने अभियान सञ्चालन भइरहेकामा अब अन्तिम खण्डको काम मात्रै बाँकी रहेको उहाँको भनाइ छ।

इञ्जिनियर सुवेदीका अनुसार असार, साउन र भदौ महिनामा वर्षायामका कारण न्यूरोड तथा सिर्जनाचोक-राष्ट्र बैंकचोक क्षेत्रमा निर्माण कार्य अस्थायी रूपमा स्थगित गरिएको छ । वर्षायाम सकिएलगत्तै उक्त क्षेत्रमा पुनः तीव्र गतिमा काम अघि बढाइने उहाँले बताउनुभयो । हाल पोखरा अन्तर्राष्ट्रिय विमानस्थलदेखि सेती नदी पुलसम्मको क्षेत्रमा विद्युतीय तार हटाएर ताररहित बनाइएको आयोजनाले जनाएको छ। गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आसपासका क्षेत्रमा पनि भूमिगत प्रणाली सञ्चालनमा आइसकेको छ। उक्त क्षेत्रमा आयोजना लागू भएसँगै करिब ३ सय ५० घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएको सुवेदीले जानकारी दिनुभयो।

यद्यपि विमानस्थल क्षेत्रमा रहेका करिब २९ वटा पोल हटाउन बाँकी रहेकाले त्यस क्षेत्रमा केही काम रोकिएको उहाँले बताउनुभयो । साथै सेती नदी पुल निर्माण सम्पन्न भएपछि आयोजनाको बाँकी काम पनि अन्तिम चरणमा पुग्ने उहाँको विश्वास छ। पोखरासँगै चितवनको भरतपुरमा भने भूमिगत तार बिछ्याउने काम करिब ९५ प्रतिशत सम्पन्न भइसकेको आयोजनाले जनाएको छ। प्राविधिक प्रगतितर्फ पोखरामा करिब २२३ किलोमिटर क्षेत्रमा विद्युत् केबल बिछ्याउने योजना रहेकामा हालसम्म ७३ प्रतिशत केबल बिछ्याइसकिएको छ । त्यसैगरी २४३ किलोमिटर क्षेत्रमा पाइप बिछ्याउने लक्ष्य रहेकामा हालसम्म २०२ किलोमिटर क्षेत्रमा पाइप बिछ्याउने काम सम्पन्न भएको इञ्जिनियर सुवेदीले जानकारी दिनुभयो।

विद्युतीय तार भूमिगत गर्ने योजना अन्तिम चरणमा पुगेसँगै पोखरालाई अव्यवस्थित तार र पोलमुक्त बनाउँदै सहरी सौन्दर्य अभिवृद्धि गर्नुका साथै विद्युत् आपूर्तिलाई थप भरपर्दो, सुरक्षित र व्यवस्थित बनाउने लक्ष्य पूरा हुने अपेक्षा गरिएको छ।

## पोखरामा अमेरिकी नागरिकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

कास्कीको पोखरा महानगरपालिका-१८ सेदीमा सोमबार बिहान हिँडिरहेको बेला अचानक बेहोस भई लड्नुभएका अमेरिकी नागरिक ४८ वर्षीय म्याथ्यु एलेक्स जोन्सको उपचारका क्रममा मृत्यु भएको छ। स्थानीयवासीको सहयोगमा घटनास्थलबाट तत्काल उद्धार गरी मेट्रोसिटी अस्पतालमा पुर्याइएकामा केहीबेरपछि चिकित्सकले उहाँलाई मृत घोषणा गरेका हुन्।

शवलाई पोष्टमार्टमका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाइएको जिल्ला प्रहरी कार्यालय, कास्कीका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो । मृत्युको कारण पोष्टमार्टमपछि खुल्ने उहाँको भनाइ छ। मृतक अमेरिकी नागरिक एक महिनादेखि सेदीस्थित दामोदर पहारीको घरमा बस्दै आउनुभएको अनुसन्धानका क्रममा खुलेको प्रहरीले जनाएको छ।

## पर्यटकमैत्री क्यू आर सेवा शुभारम्भ : पोखरामा पर्यटन सुरक्षा र व्यवस्थापनलाई प्रविधिसँग जोड्ने अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

पर्यटनको राजधानि पोखरामा पर्यटकमैत्री क्यू आर सेवा शुभारम्भ भएको छ। पोखरा पर्यटन परिषद् र गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराको संयुक्त आयोजनामा विभिन्न पर्यटन संवद्ध संघ संस्थाको सहकार्यमा उक्त अभियान सुरु भएको प्रदेश प्रहरीले जनाएको छ। पोखरामा पर्यटन सुरक्षा र व्यवस्थापनलाई प्रविधिसँग जोड्ने अभियान सोमबारबाट सुरु भएको गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक दिपेन्द्र जिसीले बताउनु भयो। यसै क्रममा डिआइजी जिसीले पर्यटकमैत्री क्यू आर सेवा स्क्यान गरी पर्यटकमैत्री सूचना प्रणालीको औपचारिक शुभारम्भ गर्नुभयो । डिआइजी जिसीले गण्डकी प्रदेश प्रहरीले पर्यटन क्षेत्रलाई सुरक्षित, व्यवस्थित र पर्यटकमैत्री बनाउन अवलम्बन गरेका सुरक्षा रणनीति तथा भइरहेका प्रयासबारे जानकारी गराउँदै पर्यटन प्रवर्द्धनमा प्रहरी र निजी क्षेत्रबीचको सहकार्य अझ सुदृढ हुनुपर्नेमा जोड दिनुभयो।

वडा प्रहरी कार्यालय बैदामका प्रमुख डीएसपी नमराज भट्टराईले पोखराका प्रमुख पर्यटकीय गन्तव्य, पार्किङ स्थल, प्रहरी चौकी, आपत्कालीन सम्पर्क नम्बर, गर्न हुने र नहुने गतिविधि, ट्राफिक नियम, सरसफाइसम्बन्धी जानकारी तथा नेपाल भ्रमणका आधारभूत नियमहरू एउटै माध्यमबाट सहजै प्राप्त गर्न सक्ने गरी क्यूआर कोर्ड सेवा उपलब्ध गराइएको बताउनु भयो । वाराहीचोक लगायत पर्यटकीय क्षेत्र, होटल तथा अन्य सार्वजनिक स्थानमा राखिने भएको छ भने जसले पर्यटकलाई आवश्यक सूचना तुरुन्तै उपलब्ध गराउनेछ। पर्यटकलाई लक्षित गरी सचेतनामूलक पर्चासमेत वितरण गरिने जानकारी दिँदै उहाँले पर्यटक भित्र्याउनु मात्र पर्याप्त नभई उनीहरूलाई व्यवस्थित र जिम्मेवार वातावरण प्रदान गर्नु सबैको साझा दायित्व भएको उहाँले उल्लेख गर्नुभयो।

डीएसपी भट्टराईले सडकमा जथाभावी हिँड्ने, जेब्रा क्रसिङ अतिक्रमण गर्ने, अव्यवस्थित पार्किङ गर्ने, ट्राफिक नियम पालना नगर्ने जस्ता गतिविधिले पर्यटन व्यवस्थापनमा चुनौती थपिरहेको उल्लेख गर्दै यस्ता समस्या न्यूनीकरणका लागि यस्तो अभियान प्रभावकारी बन्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले जेठ महिनामा मात्रै पोखरा क्षेत्रमा ट्राफिक नियम उल्लङ्घन गरेको अभियोगमा २०४ जना भारतीयसहितका विदेशी पर्यटकमाथि कारबाही गरिएको जानकारी दिनुभयो। डबल पार्किङ, हेल्मेट नलगाई सवारी चलाउने, ओभरलोड, मापसे, लापसे, अत्यधिक गति तथा नो-पार्किङ क्षेत्रमा सवारी पार्किङ


बाँकी अन्तिम पृष्ठमा ▶▶



## गुरुहरूप्रति सम्मान व्यक्त गरौं


◆ ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
◆ गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
◆ शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
◆ शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
◆ नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
◆ गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
◆ ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
◆ शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड



## सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सरकारी वार्ता टोली र डा केसीबीच सात बुँदे सहमति, अनशन तोडियो

**रासस**
काठमाडौं, ११ साउन

सरकारी वार्ता टोली र कैलालीको धनगढीमा विगत पाँच दिनदेखि अनशनरत डा गोविन्द केसीबीच सात बुँदे सहमति भएको छ।

दुई दिनदेखि लगातार भइरहेको वार्तापछि सोमबार डा केसीसँग सम्झौता भएपछि उहाँ अनशन तोड्न सहमत हुनुभएको हो। सात बुँदे सहमतिपत्रमा प्रतिनिधिसभा सदस्य पुकार बम, प्रधानमन्त्री वालेन्द्र शाहका स्वास्थ्य सल्लाहकार प्राडा जगदिशप्रसाद अग्रवालको रोहबरमा डा केसी तथा सरकारका तर्फबाट शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चूडामणि पौडेल, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा विकास देवकोटा, शिक्षा मन्त्रालयका सहसचिव चक्रकान्त भुसालले हस्ताक्षर गर्नुभएको छ। सरकारद्वारा गठित वार्ता टोली र डा केसीबीच भएको सहमतिमा कैलालीको गेटास्थित शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई पूर्ण क्षमतामा सञ्चालनदेखि चिकित्सा शिक्षा सुधारसम्बन्धी विषय समेटिएका छन्। सहमतिअनुसार शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय, गेटालाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक जनशक्ति र पूर्वाधारको व्यवस्था गरिने भएको छ। विश्वविद्यालयलाई राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५



अनुसार कम्तीमा ३०० शय्याको शिक्षण अस्पताल सञ्चालन गर्न दिइने र आवश्यक समन्वय शिक्षा तथा खेलकुद मन्त्रालय र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले गर्ने सहमति भएको छ। यस्तै, विश्वविद्यालयको समस्यालाई सम्बोधन गर्दै पठनपाठन, जनशक्ति भर्ना, पाठ्यक्रमको स्वीकृति तथा आवश्यक शैक्षिक तयारी यथाशीघ्र पूरा गरिने उल्लेख छ। ३०० शय्याको शिक्षण अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति तथा उपकरण व्यवस्थापनको काम तत्काल अघि बढाइने सहमति पनि भएको छ। चिकित्सा शिक्षा सुधारका विषयमा पनि सरकारले आवश्यक कानुनी संशोधन प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाइएको छ। विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयममा गेटा विश्वविद्यालयसम्बन्धी व्यवस्था समेटी विश्वविदालयका पदाधिकारीको योग्यता, नियुक्तिलगायत विषय समेटी संसद्को चालु अधिवेशनमै पेश गर्ने सहमति भएको छ।

सहमतिमा राष्ट्रिय चिकित्सा शिक्षा आयोगले चिकित्सा शिक्षा प्रदान गर्ने संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण गर्दा एकीकृत कार्यविधि, २०८३ अनुसार मापदण्ड लागू गर्ने उल्लेख छ। निजी शिक्षण संस्थाको सिट नबढाइने तर सरकारी शिक्षण संस्थाको सिट आवश्यकता अनुसार बढाउन बाधा नपर्ने व्यवस्था कायम रहने र ऐनमा भएको व्यवस्थाअनुसार छात्रवृत्तिसम्बन्धी व्यवस्था यथावत राख्ने सहमति भएको छ। यसैगरी, सरकारी स्वामित्वका चिकित्सा शिक्षण संस्थालाई क्रमशः गैरनाफामूलक तथा सेवामूलक संस्थाका रूपमा सञ्चालन गर्ने विषयमा अध्ययन गरी छ महिनाभित्र प्रतिवेदन पेस गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले उच्चस्तरीय कार्यदल गठन गर्न नेपाल सरकारसमक्ष पेस गर्ने सहमति भएको छ।

सुदूरपश्चिमलगायत सीमावर्ती क्षेत्रका नागरिकलाई स्वास्थ्य, शिक्षा, यातायात र रोजगारीका लागि सीमापार जानुपर्ने बाध्यता अन्त्य गर्न आवश्यक पूर्वाधार तथा सेवा विस्तारमा सङ्घ र प्रदेश सरकारबीच समन्वय र सहजीकरण गर्ने सहमति पनि भएको छ। यस्तै, २०८२ भदौ २३ र २४ गते भएका जघन्य अपराध, आगजनी, लुटपाट तथा विनाशका घटनामा संलग्न दोषीलाई कानुनी कारबाही गर्न र विसं २०४६ देखि हालसम्म उच्च पदस्थ राजनीतिज्ञ र पदाधिकारीबाट भएका भ्रष्टाचार एवं अपराधका घटनाको निष्पक्ष छानबिनमा थप तदारुकता दिने विषय पनि सहमतिपत्रमा समेटिएको छ। यसैगरी विगतमा भएका सहमति कार्यान्वयनको अवस्थाबारे अध्ययन गरी तीन महिनाभित्र प्रतिवेदन पेस गर्न शिक्षा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्चता मन्त्रालय, चिकित्सा शिक्षा आयोगको प्रतिनिधित्व रहने गरी कार्यदल गठन गर्ने र यससम्बन्धमा अनुगमनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवको संयोजकत्वमा एक अनुगमन समिति रहने सहमतिमा उल्लेख छ। गत बिहीबारदेखि अनशनरत डा केसी पक्ष र सरकारी पक्षबीच आइतबारदेखि औपचारिक वार्ता सुरु भएको थियो।



बसपार्क क्षेत्रमा फोहर : कास्कीको पोखरा महानगरपालिका-९ पृथ्वीचोकको बसपार्क क्षेत्रमा देखिएको फोहर। महानगरले त्यहाँ रहेका भौतिक संरचना हटाउँदा निस्किएको फोहर लामो समयदेखि व्यवस्थापन हुन सकेको छैन। तस्बिरः राम थापा/रासस

# दूध उत्पादक किसानलाई पाँच करोड ५८ लाख अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशका ११ हजार २३२ किसानले रु पाँच करोड ५८ लाख रकम प्राप्त गरेका छन्।

गण्डकी प्रदेशले उक्त रकम प्रोत्साहनका रूपमा प्रदान गरेको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले जनाएको छ। मापदण्डअनुसार छनोट भएका दुग्ध सहकारीमार्फत किसानलाई प्रोत्साहन सहयोग उपलब्ध गराउने गरिएको मन्त्रालयका वरिष्ठ पशु विकास अधिकृत डा शोभा शर्माले जानकारी दिनुभयो। उहाँले दैनिक २०० लिटर र वार्षिक २०० दिन दूधको कारोबार गर्ने सहकारी संस्थाले प्रोत्साहन स्वरुपको रकम प्राप्त गर्न सक्ने मापदण्ड रहेको बताउनुभयो। हरेक आवमा कम्तीमा ३० दिन सहकारीमा दूध बिक्री गर्ने किसानले प्रोत्साहन सहयोग प्राप्त गर्ने गरेका छन्। एउटा सहकारीलाई बढीमा रु १७ लाख ५० हजारसम्म प्रोत्साहन सहयोग गर्ने गरिएको वरिष्ठ पशु विकास अधिकृत डा शर्माले बताउनुभयो। "किसानलाई प्रतिलिटर दूधमा रु पाँचका दरले प्रोत्साहन सहयोग दिने गरिएको छ, कतिपय सहकारीमा माग धेरै हुँदा प्रोत्साहन रकम केही कम पनि हुने गरेको छ," उहाँले भन्नुभयो।

सहकारीले प्राप्त गरेको प्रोत्साहन रकममा चार प्रतिशत कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि र बाँकी ९६ प्रतिशत किसानलाई वितरण गरिएको छ।

# सुनसरीका प्रजिअसहित सुरक्षा निकायका प्रमुखलाई फिर्ता बोलाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

गृह मन्त्रालयले गएराति सुनसरीमा भएको घटनालाई लिएर त्यहाँका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेसहित सुरक्षा निकायका प्रमुखहरूलाई फिर्ता बोलाएको छ।

घिमिरेलाई गृह मन्त्रालयमा फिर्ता बोलाएर उहाँको ठाउँमा सङ्खुवासभाका प्रजिअ इश्वरीप्रसाद अर्याललाई खटाइएको छ। यस्तै, कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेलाई प्रहरी प्रधान कार्यालय, काठमाडौँ तानिएको छ भने प्रहरी प्रधान कार्यालयमा कार्यरत प्रहरी नायव महानिरीक्षक शेखर खनाललाई कोशी प्रदेश प्रहरी कार्यालय पठाउने निर्णय गरिएको छ। जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख, प्रहरी उपरीक्षक केशव थेवेलाई भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल खटाइएको छ। थेवेको स्थानमा उक्त विमानस्थलमा कार्यरत प्रहरी उपरीक्षक पुष्पराज मल्ललाई खटाउने ि नर्णय गरिएको छ। यस्तै, सशस्त्र प्रहरी बल नेपाल कप्तानगञ्जमा कार्यरत प्रहरी नायव उपरीक्षक नन्दकिशोर महतोलाई पनि फिर्ता बोलाइएको छ। उहाँको ठाउँमा सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय, काठमाडौँमा कार्यरत प्रहरी नायव उपरीक्षक मदन नाथलाई पठाइएको छ। सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा आइतबार राति दुई समूहबीच भएको झडपमा एक जनाको निधन भएको थियो। घटनामा परेर नौ जना सर्वसाधारण, १० जना नेपाल प्रहरी र पाँच जना सशस्त्र प्रहरी गरी २४ जना घाइते भएका छन्। घटनाको विषयमा छानबिन गर्न गृह मन्त्रालयका सहसचिव भुपेन्द्र थापाको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ। समितिलाई एक साताभित्रमा प्रतिवेदन बुझाउन भनिएको छ। घटनापछि थप समस्या उत्पन्न हुन नदिन जिल्ला प्रशासन कार्यालय सुनसरीले देवानगञ्ज र हरिनगर गाउँपालिकाका केही क्षेत्रमा आज बिहान ७ बजेदेखि अनिश्चितकालीन कर्फ्यु आदेश जारी छ।

# माउन्ट अन्नपूर्णका विद्यार्थी फिस्टेल लजमा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

पोखरा ३ नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयका विद्यार्थी फिस्टेल लजमा पुगेका छन्।

बिद्यालयले सञ्चालन गर्दै आएको 'शैक्षिक संस्था र उद्योगहरुबीचको सहकार्यबाट भविष्य निर्माण' अभियान अन्तर्गत कक्षा ११ का १ सय ६० जना विद्यार्थीले पोखराको लेकसाइडमा रहेको फिस्टेल लज मा औद्योगिक अध्ययन भ्रमण गरेका हुन्।

विद्यार्थीलाई उद्योगसँग प्रत्यक्ष रूपमा जोड्दै व्यावहारिक सिकाइको अवसर प्रदान गर्ने उद्देश्यले औद्योगिक अध्ययन भ्रमण गरिएको प्लटु एकेडेमिक कोअडिनेटर गोबिन्द सुवेदीले बताए। अवलोकनको क्रममा फिस्टेलमा लजमा रहेको फुड एण्ड बेभरेजको बारेमा प्रबन्धक कृष्ण लामिछाने जानकारि गराएका थिए भने,होटल सञ्चालनका विभिन्न विभाग आतिथ्य सत्कार उद्योगमा उपलब्ध करियरका सम्भावनाको बारेमा गेस्ट रिलेसन अफिसर हेलन थापाले जानकारी गराएकि थिइन्। सेवा क्षेत्रमा आवश्यक



व्यावसायिक दक्षता, अनुशासन, सकारात्मक कार्यसंस्कृति तथा उत्कृष्ट ग्राहक सेवाको महत्वबारे विद्यार्थीहरूलाई जानकारी गराउँदै आतिथ्य क्षेत्रका सम्भावनाबारे प्रेरणादायी प्रस्तुति लजको तर्फबाट दुवै जनाले प्रस्तुत गरेका थिए। सोहि अवसरमा लजका प्रबन्धक लामिछानेले माउन्ट अन्नपूर्णका पूर्वविद्यार्थी सगुन साई ठाकुरीले फिस्टेल लजमा तीन वर्षसम्म फ्रन्ट अफिस म्यानेजरका रूपमा सफलतापूर्वक सेवा प्रदान गरेको उल्लेख गरे।

प्रबन्धक लामिछानेले फिस्टेल लज र माउन्ट अन्नपूर्ण मा.बि बिच लामो समयदेखि रहेको सहकार्यलाई निरन्तरता दिँदै भविष्यमा पनि अध्ययन भ्रमण, इन्टर्नसिप तथा व्यावसायिक क्षमता विकासका कार्यक्रममार्फत विद्यालयसँग सहकार्यलाई अझ सुदृढ बनाइने प्रतिबद्धता व्यक्त गरे।

भ्रमणका क्रममा विद्यार्थीहरूले होटलका विभिन्न विभागको प्रत्यक्ष अवलोकन गर्दै आतिथ्य उद्योगको वास्तविक कार्यप्रणाली, सेवा व्यवस्थापन प्रणाली तथा व्यावसायिक अभ्यासबारे व्यवहारिक अनुभव हासिल गरेका थिए। विद्यालयका अनुसार यस्ता औद्योगिक अध्ययन भ्रमणले कक्षाकोठामा हासिल गरिएको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक अनुभवसँग जोड्नुका साथै विद्यार्थीहरूलाई भविष्यको पेशागत जीवनप्रति थप प्रेरित बनाउने विश्वास लिइएको छ। गएको शनिवार र आइतबार दुई चरणमा सञ्चालन गरिएको कार्यक्रममा प्रिन्सिपल सइन्द्रराज श्रेष्ठ, इसिए डाइरेक्टर तेज बहादुर गुरुङ, बोड अफ डाइरेक्टर चिज काजि गुरुङ एच एम डिपार्टमेन्ट हेड विकास गुरुङ,कर्मा लामा सन्दिप थापा ,शिवराज काफ्ले, लेखा संयोजक नवराज शर्मा लगाएतको सहभागिता रहेको थियो। गण्डकी प्रदेशकै पहिलो निजी तहबाट सञ्चालित विद्यालयको रुपमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयले बिगत १७ बर्ष देखि म्यानेजमेन्ट,होटल म्यानेजमेन्ट ,माउंटेनियरिंङ र कम्प्युटर साइन्स बिषयमा कक्षा १२ सम्म पढाई हुदै आइरहेको छ।

# पर्यटकमैत्री

गरेका कारण कारबाही गर्नुपरेको उहाँको भनाइ थियो। यसैबिच, सोमबार पोखरामा अन्तरक्रियाका क्रममा पर्यटन व्यवसायीहरूले पर्यटक सुरक्षासँग सम्बन्धित चुनौती, ट्राफिक व्यवस्थापन, फोहोर व्यवस्थापन, पर्यटकको आचरण तथा पर्यटन क्षेत्रका अन्य समस्याबारे आफ्ना धारणा र जिज्ञासा राख्नुभएको थियो। पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्य, होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, रेवान पोखराका अध्यक्ष विश्वराज पौडेल, पोखरा भ्रमण बर्षका निवर्तमान संयोजक गोपी बहादुर भट्टराई लगायतको सहभागिता रहेको गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक दिपक थापाले बताउनु भयो।

# विश्वकप क्रिकेट लिग-२ नेपाल नामिबियासँग पराजित

**रासस**
काठमाडौं, ११ साउन

आइसिसी पुरुष विश्वकप क्रिकेट लिग-२ अन्तर्गत सोमबार भएको निकै प्रतिस्पर्धात्मक खेलमा नेपाल नामिबियासँग पराजित भएको छ।

नेदरल्यान्ड्सको उट्रेच्टमा सोमबार सम्पन्न खेलमा नेपाल नामिबियासँग तीन रनको झिनो अन्तरले पराजित भएको हो। नामिबियाले दिएको २१२ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित ५० ओभरमा ६ विकेट गुमाएर २०८ रन मात्र बनाउन सफल भयो। नेपालका लागि आसिफ शेखले सर्वाधिक ४५ रनको योगदान दिए भने रोहित पौडेलले ४१ रन बनाए। त्यस्तै आरिफ शेखले अविजित ३८ रन तथा कुशल भूर्तेलले ३४ रन बनाए। अन्तिम ओभरसम्म पुगेको खेलमा गुल्शन झाले १० बलमा अविजित १९ रन बनाए पनि नेपाललाई जित दिलाउन पर्याप्त भएन। नामिबियाका ज्याक ब्रासेलले ३ विकेट लिए भने रुबेन ट्रम्पेलम्यानले २ विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नामिबियाले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर २११ रनको योगफल बनाएको थियो। नामिबियाका जान फ्रिलिङ्कले १४९ बलमा १०० रनको शतकीय इनिङ्स खेले भने लाउरेन स्टिनक्याम्पले ५९ रनको योगदान दिए। नेपालका करण केसी उत्कृष्ट प्रदर्शन गर्दै १० ओभरमा २९ रन खर्चेर ५ विकेट लिए। त्यस्तै सोमपाल कामीले १ विकेट लिए।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# संरक्षण र रेखदेखको पर्खाइमा रहेका विमानस्थल

**राम थापा**
गण्डकी, ११ साउन/रासस



बिना व्यावसायिक योजना निर्माण गरिएका कतिपय विमानस्थल सञ्चालनमा आउन नसक्दा राज्यको करोडौँ लगानी प्रतिफलविहीन बनेको छ। मुलुकका केही विमानस्थल निर्माणमा तदारुकता देखिएपनि तिनको सञ्चालन र दिगोपनामा भने सम्बद्ध पक्षको ध्यान नपुग्दा अलपत्र अवस्थामा छन् । ती कतिपय विमानस्थल सञ्चालनमा नआउँदै जीर्णमा पुगेका छन् भने बनेका संरचनाको उचित संरक्षण र रेखदेखको पर्खाइमा रहेको पाइएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणको पछिल्लो प्रतिवेदनअनुसार गण्डकी प्रदेशका चार विमानस्थल बन्द अवस्थामा छन् । बागलुङको बलेवा, ढोरपाटन, गोरखाको पालुङटार र मनाङको हुम्डे विमानस्थल सञ्चालनमा आउन सकेको छैन । लामो समयदेखि बन्द अवस्थामा रहेका ती विमानस्थल पुनःसञ्चालनमा ल्याउन धावनमार्ग कालोपत्रलगायत पूर्वाधार निर्माणमा करोडौँ लगानी भएको छ । सरकारले बलेवा, हुम्डेलगायत बन्द अवस्थामा रहेका विमानस्थललाई प्याराग्लाइडिङ, स्काइडाइभिङलगायत साहसिक खेलस्थलका रुपमा विकास गर्ने लक्ष्य लिएपनि त्यसले पनि सार्थकता पाउन सकेको छैन । प्राधिकरणले पाँच वर्षअघि रु आठ करोड २४ लाख खर्चेर बागलुङ नगरपालिका-१४ स्थित बलेवा विमानस्थलको धावनमार्ग कालोपत्र गरेको थियो । विसं २०२२ मा बनेको उक्त विमानस्थल पोखरा-बागलुङ सडक बनेपछि विसं २०४८ मा आएर बन्द भएको थियो । २६ वर्षपछि विसं २०७४ चैत ९ गतेदेखि पुनःसञ्चालनमा ल्याइएकामा फेरि पनि निरन्तरता पाउन सकेन । केही समय नेपाल र तारा एयरलाइन्सको टुइनटर विमानले हप्ताको दुई दिन उडान गरेका थिए। उन्नाइस सिट क्षमताका जहाजमा १२ भन्दा कम यात्रु भए बागलुङ नगरपालिकाले भार ब्यहोर्ने गरी नागरिक उड्डयन प्राधिकरण, विमान कम्पनी र नगरपालिकाबीच सम्झौता भएको थियो । पछि यात्रु पनि घट्ने र नगरपालिकालाई आर्थिक बोझ पनि थपिँदै गएपछि विमान सेवा बन्द हुन पुगेको हो । प्राधिकरणले विमानस्थलको ७०० मिटर लम्बाइ र ३० मिटर चौडाइको धावनमार्ग कालोपत्र गरेको छ । जसमा साना तथा मझौला जहाजले उडान भर्न सक्छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा गठित परामर्शदाता समूहले केही वर्षअघि बलेवा विमानस्थलको स्थलगत अवलोकनसमेत गरेको थियो । धावनमार्ग, टावर र भौतिक पूर्वाधारको अवलोकन गरेपछि उक्त अध्ययन समूहले टावर नियन्त्रण गर्ने कर्मचारी, विमान कम्पनी र यात्रु भएमा जनुसुकै बेला विमानस्थल सञ्चालनमा ल्याउन सकिने अवस्थामा रहेको औँल्याएको थियो । नगरपालिकाका उपप्रमुख राजु खड्काले विमानस्थलको वैकल्पिक प्रयोग गर्ने विषयमा चर्चा चलेपनि कुनै ठोस योजना बन्न नसकेको बताउनुभयो। "विमानस्थल सञ्चालन गर्ने वा वैकल्पिक प्रयोग गर्ने भन्ने विषयमा सङ्घ सरकारको ठोस निर्णय र योजना चाहिन्छ, यसमा आवश्यक समन्वय र सहजीकरण गर्न नगरपालिका सँधै तयार छ", उहाँले भन्नुभयो, "राज्यको लगानी खेर जान दिनुहुँदैन, कुनै न कुनै रुपमा विमानस्थललाई उपयोगमा ल्याउनुपर्छ ।" नियमित उडानको सुनिश्चितता, भाडादर समायोजन र विमानस्थलसम्म पुग्ने सडकस्तरीय हुन सकेमा विमानस्थल चलाउन सकिनेमा स्थानीय जनप्रनिनिधि विश्वस्त छन् । बागलुङ-१ मालढुङ्गादेखि विमानस्थल जोड्ने कालीगण्डकी करिडोरको १० किमि सडक अहिले कालोपत्र भइरहेको छ । उक्त खण्ड कालोपत्र हुँदासाथ विमानस्थलसम्म राष्ट्रिय राजमार्गको सहज पहुँच पुग्छ । नगरपालिकाले विमानस्थल सञ्चालनमा ल्याउन पटकपटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आएको छ । मनाङको मनाङ डिस्याङ गाउँपालिकामा रहेको हुम्डे विमानस्थलको धावनमार्ग कालोपत्र भएको पनि डेढ दशक बित्न लाग्यो। प्राधिकरणले विसं २०६९ मा रु नौ करोड खर्चेर हुम्डेमा विमानस्थलको धावनमार्ग कालोपत्र गरेको थियो । धावनमार्ग कालोपत्र भएपछि विसं २०७६ भदौमा समिट एयरको विमानले सो विमानस्थलमा परीक्षण उडान गरेको थियो । परीक्षण उडान सफल भएपछि नियमित उडान हुनेमा आशावादी रहेका मनाङवासीमा अहिले त्यो उत्साह पाइदैन । गाउँपालिकाका अध्यक्ष कान्छा घलेले विमानस्थल सञ्चालनमा पहल गरिएपनि वायुसेवा कम्पनीले रुचि नदेखाएको बताउनुभयो। "विमान कम्पनीलाई उडानमा आकर्षित गर्न गाउँपालिकाले पनि केही बजेट विनियोजन गर्दै आएको थियो, यस वर्षदेखि हामीले बजेट पनि राख्न छोड्यौँ", उहाँले भन्नुभयो, "विमानस्थल अलपत्र अवस्थामा छ, राज्यका निकायले यसमा कुनै चासो दिएका छैनन् ।" वसं २०३९ देखि विसं २०६८ सम्म नियमित सञ्चालनमा रहेको विमानस्थल त्यसयता बन्द अवस्थामा रहेको अध्यक्ष घलेले बताउनुभयो । यसबीच धावनमार्ग कालोपत्रदेखि अन्य पूर्वाधारमा लगानी गरिएपनि त्यो त्यसै खेर गएको छ । मनाङमा सडक आउनुअघि स्थानीयवासी जहाजबाटै आवातजावात गर्ने गर्थे । विसं २०६९ मा मनाङ सदरमुकाम चामेमा सडक पुगेपछि विमानस्थल बन्द भएको थियो। गोरखाको पालुङटार नगरपालिकाका प्रमुख विवश चिन्तनले पालुङटार विमानस्थलको स्तरोन्नति गरी सञ्चालनमा ल्याउने सरकारको योजना अलपत्र परेको बताउनुभयो। पालुङटार विमानस्थललाई हवाई तालिम केन्द्र या अन्य कुनै वैकल्पिक प्रयोगमा ल्याउनु उपयुक्त हुने उहाँको भनाइ छ । काठमाडौँ-पोखरा जोड्ने पृथ्वी राजमार्ग स्तरोन्नति भइरहेकाले यस क्षेत्रमा सडक यातायात सेवा नै बढी प्रभावकारी हुने देखिएको उहाँले बताउनुभयो । मुग्लिन-पोखरा सडक अहिले चार लेनमा विस्तार भइसकेको छ । काठमाडौँ-मुग्लिन सडक स्तरोन्नतिको चरणमा छ।

विसं २०१८ मा सञ्चालनमा आएको पालुङटार विमानस्थल विसं २०३५ देखि बन्द छ। पृथ्वी राजमार्ग बनेपछि उक्त विमानस्थल बन्द भएको थियो । विमानस्थलको धावनमार्ग, घेराबारलगायत पूर्वाधारका काममा सरकारले करोडौँ लगानी गरेपनि विमानस्थल सञ्चालनमा आउन सकेको छैन । देशको एकमात्र सिकार आरक्ष रहेको बागलुङको ढोरपाटन उपत्यकामा रहेको ढोरपाटन विमानस्थल पनि दशकौँदेखि बन्द अवस्थामा छ।

विमानस्थलको धावनमार्ग गौचरणमा फेरिएको छ । विमानस्थल क्षेत्रलाई घेराबार गरेर सुरक्षित भने गरिएको छ । प्राधिकरणका अनुसार पूर्वाधारतर्फ हुम्डेमा रु दस करोड, पालुङटारमा रु सात करोड, बलेवामा रु १२ करोड र ढोरपाटन विमास्थलमा रु दुई करोड खर्च भएको छ। सडक नहुँदा यात्रु ओसारपसार र सामान ढुवानीका लागि प्रभावकारी बनेका विमानस्थल अहिले प्रयोगविहीन अवस्थामा छन्।

# एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं २ बस्ने भारतीय भु.पु.सै.नं. ६१२०७०H, १४ GR, दर्जा सुवेदार लाल बहादुर गुरुङको पेन्सन पट्टामा श्रीमती मनु मायाको जन्म मिति सन् १९६०/०१/०१ र नाम थर मनु माया रहेको तर निजको नागरिकतामा जन्म मिति २०१२/१०/१५ र नाम थर मनु माया गुरुङ भई नाम थर र जन्म मिति फरक परेतापनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी न.पा वडा नं २ को वडा कार्यालयको च.नं. १३०५ मिति २०८३/०३/२३ गतेको पत्रवाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

## एउटै व्यक्ति भएको सूचना



लमजुङ जिल्ला साविक परेवाडाँडा गा.वि.स. वडा नं. ०५ हाल सुन्दरबजार नगरपालिका वडा नं. ०२ निवासी भारतीय भु.पू.सैनिक नं. Gorkha Rifles Unit ४/४, १३७३११८४K Hav तिल बहादुर भन्ने तिलक बहादुर ठकुरीको तपसिल बमोजिमको पारिवारिक सदस्यको नेपाली नागरिकता र भारतीय पेन्सन डकुमेन्टमा नामथर फरक परेता पनि उल्लेखित फरक-फरक नामथर गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको वेहोरा सुन्दरबजार नगरपालिका ०२ नं. वडा कार्यालयको च.नं. १३ मिति २०८३/०४/०५ को सिफारिस बमोजिम सोहि बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ।

तपसिल:

| क्र.स. | विवरण फरक परेको व्यक्ति | ना.प्र.प. अनुसार नामथर र जन्म मिति | सैनिक अभिलेख अनुसार नामथर | कैफियत |
|---|---|---|---|---|
| १. | पेन्सनर आफै | तिल बहादुर भन्ने तिलक बहादुर ठकुरी, वि.सं. २००५/०८/२० (ई.सं. १९४८-१२-०५) | तिल बहादुर, ई.सं. १९५०-०४-११ | फरक व्यक्ति नभई एउटै व्यक्ति भएको। |
| २. | श्रीमती | बाल कुमारी ठकुरी, वि.सं. २००६/११/११ (ई.सं. १९५०-०२-२२) | बाल कुमारी ई.सं. १९५४ | फरक व्यक्ति नभई एउटै व्यक्ति भएको। |

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**

# स्याङ्जामा नेपाल बैंकको भवन बन्दै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ११ साउन

स्याङ्जामा नेपाल बैंक लिमिटेडको शाखा कार्यालय भवन बन्ने भएको छ । जिल्ला सदरमुकामस्थित पुतलीबजार नगरपालिका वडा नं.-१ को ठाडोलाइनमा बैंकको सुविधा सम्पन्न स्याङ्जा शाखाको नयाँ भवन बन्ने भएको हो।

तीन करोड ७ लाख रुपैयाँको लागतमा भवनको निर्माण कार्य शुरु भएको छ । १३ आना क्षेत्रफलमा बन्ने भवनको सम्झौता भएको १८ महिनाभित्र निर्माण सक्नेगरी काम शुरु भएको बैंकले जनाएको छ । २०८३ बैशाखमा सम्झौता भएको भवन निर्माणको कार्य २०८४ असोजमा सकिने छ । नयाँ बन्ने आधुनिक भवन आवाससहित १० कोठाको हुनेछ भने भवन तीन तलाको बन्नेछ । भवन निर्माणको एनइसिपिएल-पिएसएससिपिए जेभी वालिङ स्याङ्जाले जिम्मा पाएको निर्माण कम्पनीका स्थानीय प्रतिनिधि रबि पौडेलले जानकारी दिए। भवन निर्माणका लागि जग्गा सम्याउन काम तीव्र पारिएको कम्पनीले जनाएको छ। १९९४ मा स्थापित नेपाल बैंक लिमिटेडको जिल्ला शाखा कार्यालय भवन झण्डै ९० वर्ष पर्खनु परेको छ । जिल्लामा शाखा कार्यालय स्थापना भएको करिब चार दशकपछि स्थानीयको सहयोगमा बैंकले निःशुल्क प्राप्त गरेको जग्गामा भवन बन्ने भएपछि स्थानीय उत्साहित भएका छन्।

बैंकले हालसम्म भाडाको घरबाट सेवा प्रवाह गर्दै आएको थियो । बैंकले ठाडोलाइनमा भवन बनाउन थालेसँगै व्यापार व्यवसायमा वृद्धि हुने अपेक्षामा ठाडोलाइनका स्थानीय उत्साहित भएका हुन्। नेपालकै पुरानो बैंकले शाखा कार्यालय बनाउन थालेपछि स्थानीयमा उत्साह छाएको बैंकका परामर्शदाता कम्पनीका नबराज दोरङ्गाले जनाए।

# पहिरामा परी वृद्धको मृत्यु, एकजनाको उद्धार

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

पहिरोमा परी म्याग्दीको बेनी नगरपालिका-३ भकिम्ली, चिनाखेतका ७० वर्षीय लालवीर छन्त्यालको मृत्यु भएको छ।

गएराति गएको पहिराले घर पुरिँदा सुतिरहेको अवस्थामा उहाँको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, म्याग्दीका प्रहरी निरीक्षक सागर तिमिल्सिनाले जानकारी दिनुभयो । यसैगरी, धवलागिरि गाउँपालिका-७ धारापानीको हाडेभिरमा पहिरोमा पुरिनुभएकी ६३ वर्षीया धनकुमारी थापाको सकुशल उद्धार गरिएको उहाँले बताउनुभयो । इलाका प्रहरी कार्यालय, दरबाङबाट गएको प्रहरी टोली र स्थानीवासी मिलेर थापालाई उद्धार गरेका हुन् । गएरातिको वर्षाका कारण सदरमुकाम बेनीदेखि ग्रामीण भेग जोड्ने अधिकांश सडक अवरुद्ध भएको प्रहरीले जनाएको छ। पहिरोमा परी विभिन्न ठाउँमा पशुचौपाया र भौतिक संरचनामा क्षति पुगेको छ।



# संस्थाको नाममा रहेको सवारी साधन बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यान्त जरुरी सूचना

प्रकाशित मितिः २०८३/०४/१२

यस संस्थाको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित सवारी साधन जहाँ जेजस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ। तसर्थ उक्त (सवारीसाधन) सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी तथा संघ संस्थाहरुले लिखित शर्तबन्देजको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन् आव्हान गरिन्छ।

**तपसिल**

| सवारी साधनको विवरण | | |
|---|---|---|
| सवारी दर्ता नं. | ग १२ प ९३६५ | ग १० प ७३३२ |
| सवारी धनिको नाम | श्री सरल नमुना बचत तथा ऋण सहकारी संस्था लि. | श्री सरल नमुना बचत तथा ऋण सहकारी संस्था लि. |
| कम्पनीको नाम | होण्डा मोटर्स | होण्डा मोटर्स |
| सवारीको मोडल | SP Shine 2016 | CB Shine 2015 |
| सि.सि./हर्ष पावर | १२४।७ सि.सि. | १२५ सि.सि. |
| इन्जिन नम्बर | JC73E80138969 | JL65F7018707 |
| च्यासिस नम्बर | ME4JC731LG8069084 | ME4JE652F87056331 |
| रङ्ग | कालो | रातो |
| सवारी चलाउने इलाका | नियम अनुसार | नियम अनुसार |

**शर्तहरु :**

१. संस्थाको अधिकार प्राप्त अधिकारीले प्रमाणित गरी तोकिएको फारम शुल्क बुझाई उल्लेखित विवरणहरु भरिएको फारम मात्र मान्य हुनेछ। फोटोकपी वा प्रतिलिपीमा भरिएको फारमलाई मान्यता दिइने छैन ।
२. बोलपत्रदाताले अनुसूची-१९ को बोलपत्र फारममा कबोल गरेको मूल्य अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा पूरा नलेखिएको बोलपत्र फारम मान्य हुने छैन।
३. रित नपुगी प्राप्त भएको बोलपत्रहरु उपर कुनै कार्बाही हुने छैन।
४. बोलपत्रमा उल्लेख गरिएको मूल्य अंक र अक्षर केरमेट गर्नु हुदैन। यदि केरमेट भएमा त्यस्तो अंक वा अक्षरलाई खुर्किने वा टिपेक्स लगाएर मेटाउनु हुदैन । सच्चाईएको अक्षर वा अंकलाई पढ्न सकिने गरी केरी थप्नु पर्ने भएमा चिन्ह प्रयोग गरी बुझिने गरी लेख्नु पर्दछ, यसरी लेखिएको अंक वा अक्षरको अगाडी पछाडी अरु थप्न नपाईने गरी अगाडी र पछाडी सहीछाप गर्नु पर्दछ। सो बमोजिम नभएको बोलपत्रलाई मान्यता दिइने छैन।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस संसथको नाममा रहेको ग्लोवल आई.एम.ई. बैकं को खाता नं. ११७०१०१०००००००२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ । यसरी राखेको दाखीला नगरको बोलपत्रलाई मान्यता दिईने छैन। स्वीकृत नभएका बोलपत्रदाताहरुको रकम संस्थाले बोलपत्र खुलेको आठौं दिन देखी फिर्ता दिनेछ।
६. बोलपत्र बुझाएको खामको शीरमा मूल्याँकन तथा लिलाम कार्यदलको संयोजकलाई सम्बोधन गरी संस्थाको नाम उल्लेख गरिएको हुनु पर्दछ र यस्तो खाममा सामान लिलाम सम्बन्धी बोलपत्र भनि प्रष्ट उल्लेख गर्नु पर्दछ।
७. बोलपत्रदाताले सिलगरिएको बोलपत्र संस्थाको कार्यालय समयमा स्वयं वा प्रतिनिधी मार्फत दर्ता गर्न सकिनेछ। यस्तो बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ, तर बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
८. बोलपत्र खोल्ने दिन शनिवार वा सार्वजनिक विदाको दिन परेमा सो को भोलीपल्ट खोलिने छ।
९. सामान उठाउन स्वीकृत गरिएको बोलपत्रदाताले आफुले कबोल गरेको रकमको १० प्रतिशत धरौटी रकम कट्टा गरी बाँकी रहेको ९० प्रतिशत रकम सम्झौतामा उल्लेख भएको मिति भित्र संस्थामा दाखिला गरी सामानहरु उठाउन सक्नेछ।
१०. सामान उठाउँदा लाग्ने ढुवानी, प्रशासनिक तथा अन्य सम्पूर्ण खर्च बोलपत्रदाता स्वयंले गर्नु पर्नेछ।
११. प्राप्त बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आँशिक रुपमा स्वीकृत गर्ने भन्ने कुराको अधिकार संस्थामा निहित रहनेछ। सो कारबाही सम्बन्धी कुनै कुरा प्रकाशमा ल्याउन वा जानकारी दिन संस्था बाध्य हुने छैन।

| बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८३/०४/२६ गतेसम्म<br>स्थानः श्री सरल नमुना बचत तथा ऋण सहकारी संस्था लि.<br>पोखरा-९ चिप्लेढुङ्ग कास्की<br>समयः विहान ९:०० देखि बेलुका ०५:०० सम्म | मितिः २०८३/०४/२७ गते<br>स्थानः श्री सरल नमुना बचत तथा ऋण सहकारी संस्था लि.<br>पोखरा-९ चिप्लेढुङ्ग कास्की<br>समयः ३:०० दिउँसो |

**श्री सरल नमुना बचत तथा ऋण सहकारी संस्था लि.**
**SHREE SARAL NAMUNA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.**
**पोखरा-९, चिप्लेढुङ्गा, कास्की, फोनः ०६१-५८५०८०, ५७७९०७**
e-mail: saralnamuna523@gmail.com